पृष्ठ १ बाट क्रमशः

## सर्वोच्चका...

'एफपीओबाट प्रिमियम मूल्यमा सेयर जारी गरी प्राप्त भएको रकममध्ये हिताधिकारीलाई बोनस सेयरको रूपमा वितरण गरेको लाभांश रकम सो निकायले हिताधिकारीलाई उपलब्ध गराएको 'सेवा' वा 'प्रयोगको लागि उपलब्ध गराएको निकायको स्वामित्वमा रहेको सम्पत्ति' नहुँदा यस्तोमा दफा ५६(३) को व्यवस्थासमेतबाट आयकरको परिधिभित्र पर्ने नै देखिन आयो,' सर्वोच्चको ठहर छ। त्यसैले कर दाखिल नगरेको भए सो रकममा लाग्ने करमा लाग्ने शुल्क तथा ब्याज मिनाहा गर्ने सूचना पनि संविधानविपरीत मान्न नसकिने फैसलामा लेखिएको छ।

एनएमबी, एनआईएमबी, एसबीआई, नेपाल बैंक र स्ट्यान्डर्ड चार्टड बैंकले प्रिमियममा सेयर जारी गरेका थिए। यस्तै, नेपाल लाइफ र शिखर इन्स्योरेन्सले समेत प्रिमियममा सेयर बिक्री गरेका थिए। प्रिमियममा एफपीओ बिक्रीमा कर लगाउने सरकारको निर्णयबाट १३ वटा बैंक तथा वित्तीय संस्था प्रभावित बन्नेछन्।

यस्तै, सरकारले बजेटमार्फत मर्जर तथा प्राप्ति र एफपीओमार्फत कर उठाउने निर्णय गर्नुअघि महालेखाको प्रतिवेदनमा यसबारे विषय उठान भएको थियो। महालेखको ५८औं प्रतिवेदनमा 'नेपाल लेखामानमा भएको आयकरसम्बन्धी व्यवस्थाअनुसार सौदाबाजी गर्दा भएको लाभलाई नाफा-नोक्सान विवरणमा उल्लेख गरी लेखांकन गर्नुपर्नेमा सो नगरेकाले प्रचलित लेखमान र आयकर ऐन, २०५८ को दफा २२ विपरीत हुन गएको' उल्लेख छ।

यस्तै, आर्थिक ऐनको बुँदा २६ मा कुनै निकायले फर्दर पब्लिक अफरिङ (एफपीओ) जारी गरी प्राप्त रकम लाभांशबापत विपरीत बोनस सेयरको रकम आयमा समावेश नगरेका निकायलाई शुल्क र ब्याज मिनाहासम्बन्धी विशेष व्यवस्था उल्लेख छ। 'कुनै निकायले एफपीओबाट प्रिमियम मूल्यमा सेयर जारी गरी प्राप्त भएको रकममध्ये आर्थिक वर्ष २०७८/७९ सम्म हिताधिकारीलाई बोनस सेयर रूपमा वितरण भएको लाभांश रकमलाई आयकर ऐन २०५८ को दफा ५६ को उपदफा (३) बमोजिम आयमा समावेश गरी कर दाखिला नगरेको भए सो रकममा लाग्ने कर २०८० साल मंसिर मसान्तभित्र दाखिला गरेमा सोमा लाग्ने शुल्क तथा ब्याज मिनाहा हुनेछ' लेखिएको छ। यो आदेश जारी गरिरहँदा आर्थिक ऐन, २०८० को दफा २६ यथावत् राखिएको थियो।

आदेशले फर्दर पब्लिक अफरिङ भन्ने शीर्षक उल्लेख गरी वर्षौंअघि सेयरधनीसँग उठाएको पुँजीबाट सेयरधनीहरूलाई नै वितरण गरेको बोनस सेयर अर्थात् पुँजीको वितरणमा कर लगाइएको र त्यो भूतलक्षी आदेश अन्यायपूर्ण रहेको भनी विभिन्न बैंक तथा बिमा कम्पनीहरू सर्वोच्च अदालतमा रिट दिन पुगेका थिए।

## दुवै संसद्मा...

लिङ्देनले गणतन्त्र लडेर ल्याएको भए पनि लुटतन्त्रमा परिणत भएकाले आफूहरूले निरन्तर रूपमा विरोध गरिरहने चेतावनीसमेत दिए।

नेपाली कांग्रेसकी सांसद ईश्वरीदेवी न्यौपानेले पूर्वराजा शाहलाई आउँदो २०८४ को निर्वाचनमा भाग लिन चुनौती दिइन्। सत्तामा नै आउने चाहना भए कसैको कृपाले सत्तामा फर्किन नसोच्न उनले आग्रह गरिन्। 'सत्तामा नै फर्कने चाहना छ भने टीका लगाएर वा कसैको कृपाले होइन, नागरिकले पाउने सुविधाको उपभोग गर्दै २०८४ को चुनावमा भाग लिने हिम्मत गर्नुस्। पूर्वराजा र समर्थकलाई मेरो सुझाव छ, कहिल्यै पूरा नहुने झर्ला र खाउँला भन्ने सोचाइ त्यागिदिनुस्,' उनले भनिन्।

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले गणतन्त्र, लोकतन्त्र ल्याउन लडेका र जेलनेल भोगेकाहरूबाटै व्यवस्थामाथि खतरा रहेको टिप्पणी गरे। उनले फ्रान्समा पाँचपटकसम्म गणतन्त्र आउने/जाने गरेको स्मरण गराउँदै लोकतन्त्र, गणतन्त्र आएपछि विभिन्न पार्टी सरकारमा गएर जनतालाई केही पनि दिन नसक्दा व्यवस्थामाथि खतरा बढेको बताए।

'नेपालमा पनि गणतन्त्र, लोकतन्त्रलाई सुरक्षा छैन है। खतरा कोबाट छ भन्दाखेरि लोकतन्त्र-गणतन्त्रविरोधीबाट त हुने नै भयो। लोकतन्त्र-गणतन्त्रका लागि लडेका, जेलनेल खाएका, लोकतन्त्रको कुरा गर्ने, प्रजातन्त्रको कुरा गर्ने, गणतन्त्रको कुरा गर्ने, उनीहरूबाट अझ खतरा छ,' उनले भने।

लोकतन्त्र र गणतन्त्रका पक्षधरहरू सरकारमा पुगेसँगै बरु भ्रष्टाचार, राष्ट्रघात र लुटको शृंखला बढेको उनको टिप्पणी छ।

माओवादी केन्द्रका सांसद अमनलाल मोदीले नेपालमा पुनः राजतन्त्र फर्कने सम्भावना नभएको जनाएका छन्। मोदीले राजतन्त्रलाई भूत-पिशाचको संज्ञा दिँदै अब कहिल्यै नफर्किने दाबी गरे। उनका अनुसार संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि हजारौं नेपालीले बलिदान गरेका छन् र यसको विकल्प राजसंस्था हुनै नसक्ने स्पष्ट पारे। 'चिहानमा गइसकेको भूत फेरि बिउँझन्छ भनेर कल्पना गर्नु दिवास्वप्न मात्र हो। देश अगाडि बढिसकेको छ, संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भइसकेको छ,' मोदीले भने।

प्रतिनिधिसभा बैठकमा राजाको अभिव्यक्तिलाई लिएर गर्मागर्मी बहस हुँदै गर्दा उता राष्ट्रिय सभाको बैठकमा समेत यो बिषय उठेको छ। राष्ट्रिय सभाका सदस्य वामदेव गौतमले पुनः राजा बन्ने चाहना परित्याग गरेर प्रजातान्त्रिक राजनीतिक गरी प्रधानमन्त्री बन्न पूर्वराजा शाहलाई सुझाव दिएका छन्। राजनीतिक पार्टीका नेताहरूले देशको विकास, उन्नति, प्रगति गरेनन्, त्यसैले आफूलाई राजा बनाऊ भन्नु उचित नहुने टिप्पणी उनले गरे। पुनः राजा बन्ने चाहना त्यागेर पार्टी खोलेर निर्वाचन आयोगमा दर्ता गराई २०८४ मा हुने चुनावमा भाग लिनसमेत उनले सुझाव दिए।

'राजनीतिक पार्टीका नेताहरूले देशको विकास, उन्नति, प्रगति गरेनन्, त्यसैले मलाई राजा बनाऊ भन्नु उचित हुँदैन,' गौतमले भने, 'तपाईंले पुनः राजा बन्ने चाहना परित्याग गरेर आफ्नो नेतृत्वमा एउटा प्रजातान्त्रिक राजनीतिक पार्टी खोलेर निर्वाचन आयोगमा दर्ता गराउनुस् र केही समयपछि २०८४ मा हुने निर्वाचनमा भाग लिनुस्।'

निर्वाचित भई संसद्बाट प्रधानमन्त्री बनेर देशको चौतर्फी विकास र समृद्धि कायम गर्न उनले आग्रह गर्दै उनले भने, 'निर्वाचित भई संसद्बाट प्रधानमन्त्री बन्नुस् र नेपालको चौतर्फी विकास र समृद्धि कायम गरी देखाइदिनुस्।'

# पूर्वप्रधानमन्त्री थाक्सिनद्वारा दक्षिणी थाइल्यान्डको नरसंहारमा माफी

**एजेन्सी**
बैंकक, ११ फागुन

थाइल्यान्डका पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राले आइतबार देशको दक्षिणी भागमा दुई दशकअघि सैनिक ट्रकहरूमा कोचिएर धेरै मुस्लिम प्रदर्शनकारीको मृत्यु भएकामा आइतबार माफी मागेका छन्। 'ताक बाई नरसंहार' का रूपमा चिनिने यो घटनामा उनले सार्वजनिक रूपमा पहिलो पटक माफी मागेको मानिएको छ। यो माफी हद म्याद सकिएको र सात जना शंकास्पद व्यक्ति विरुद्धको हत्या मुद्दा खारेज भएको लगभग चार महिनापछि आएको हो।

यो नरसंहार लामो समयदेखि थाइल्यान्डको मुस्लिम बहुल दक्षिणी प्रान्तहरूमा राज्यको दण्डहीनताको प्रतीकका रूपमा रहँदै आएको छ। ती प्रान्तमा बौद्ध बहुल देशबाट सांस्कृतिक र धार्मिक रूपमा भिन्न क्षेत्रका लागि अधिक स्वायत्तता खोज्ने सरकारी सेना र पृथकतावादीहरू बीच वर्षौंदेखि विद्रोह जारी छ। नरसंहारको समयमा प्रधानमन्त्री रहेका थाक्सिनले आइतबार आफूले मानिसहरूलाई 'असहज महसुस गराउने' कुनै पनि कार्यका लागि माफी माग्न चाहेको बताए।

हरेक पन्ध्र दिनमा आइतबार राजधानी दैनिकको पृष्ठ ७ मा 'श्रम रोजगार विशेष' पढ्न नभुल्नुहोला।

**यु.ए.इ.मा रोजगारी** कम्पनी: **AROMA INTERNATIONAL BUILDING CONTRACTING L.L.C**

Pre Approval Date: 2025/02/23 Chalani No.60233502 LOT No. 319305 City: Dubai

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 150 | 0 | 800 | ३०,२१७/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता मिति २०८१/११/१९ (3 March 2025) म्यानपावरको कार्यालयमा हुनेछ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २३०८/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. ७००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | निःशुल्क |

**बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी** :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

ZIA
Govt. Lic. No. 633/063/064

**ZIA INTERNATIONAL SERVICES PVT. LTD.**
Sinamangal-9, Gaushala Brajeshwori Marg Near to Pashupati Vision, Kathmandu, Nepal.,
Tel No.: 01-4575555, 4575655, Email: ziaintls@gmail.com., Website: www.ziaintlservices.com
Kathmandu: 9851010294, 9811031025, 9814755830, 9841293809, 9869500567, 9807701904

Gandaki Province Government

**Ministry of Physical Infrastructure Development & Transport Management**

## Infrastructure Development Directorate

## Infrastructure Development Office

**Syangja**

## Invitation for Bids

**Date of publication: 2081-11-12 (24th February,2025)**

Infrastructure Development Office, Syangja invites **online bids only** under e-procurement system from eligible bidders for the construction of ***Projects mentioned below*** under National Competitive Bidding: Single Stage Double Envelope Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit E-Bid as per instructions within the mentioned period.

| S. N. | Name of Project | Contract ID | Bid Security Amount (NRs) | Bid Security Date | Bid Security Validity Date | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Kinare Bhanjyang Disingkot Lamdi Dovan Hudai Darsing Sadak Staronnati, Chapakot 3 | IDOSYANGJA/NCB/W/R/95/081/82 | 1,000,000.00 | 90 Days from the deadline of bid Submission date | 120 Days from the deadline of bid Submission date | |
| 2 | Waling BPchowk Hudai Kafaldanda Rogdithati-Chapakotsamma Sadak Staronnati, Waling, Chapakot, Syangja | IDOSYANGJA/NCB/W/R/96/081/82 | 1,000,000.00 | 90 Days from the deadline of bid Submission date | 120 Days from the deadline of bid Submission date | |
| 3 | Malebagar Nwarbhanjyang Arjunchaupari Rapakot Sirubari Darau Motorbato Staronnati, Putalibazar Arjunchaupari Aandhikhola | IDOSYANGJA/NCB/W/R/97/081/82 | 1,000,000.00 | 90 Days from the deadline of bid Submission date | 120 Days from the deadline of bid Submission date | |

**Information to deposit the cost of bidding document in Bank:**

Name of the Bank:- Nepal Bank Limited, Name of Office: - Infrastructure Development Office, Syangja
Office Code no. :- 3370143014 Office Account no (Rajaswa).: - 27302000001001000001
Rajaswa (revenue) Shirshak no. : 14229 Cost of Bidding Document :- NRs.5000.00
Office Account no (In case of Cash Bid Security) :- KHA 23 – 07202000002003000001

**Office Chief**

**Karnali Province Government**

**Ministry of Physical Infrastructure And Urban Development**

**Infrastructure DevelopmentDirectorate**

# Infrastructure Development office

Khalanga, Jumla

## Invitation for Bids

**Date of First Publication: 2081/11/12 (24th Feb, 2025)**

1. Infrastructure Development Office (IDO), Karnali Province, Jumla invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification Number | Name of project | Average annual Construction Turnover of best 3 years within the last 10 years | Bid Validity / Bid Security Validity Period | Bid Security Amount (NRs) | Bid Document Fees (NRs) |
|---|---|---|---|---|---|---|
| 1. | IDO/JUMLA/W/NCB/BRG/20/081-082 | Amagada Bailey Bridge, Jumla | **Nrs.26200000.00** | 120 and 150 days from bid opening date respectively | 9,76,000.00 | 5000 |
| 2. | IDO/JUMLA/W/NCB/BRG/21/081-082 | Mophla – Laradah (Bailey) Bridge Hima, Jumla | **Nrs.26200000.00** | | 9,76,000.00 | 5000 |

2. Information to deposit the cost of bidding document and bid security in bank are as follow respectively:
   Name of the Bank: Rastriya Banijya Bank, Revenue Account Number:1000200010000(**for Bid Document Fee**)
   Name of Office: Infrastructure Development Office, Jumla Rajaswo Shirshak (revenue) Number: 14229
   Security Account Number: 4030100202030000 Office Code Number: 3370162016
3. Eligible Bidders may refer complete set of Bid document for further information at Infrastructure Development Office, Karnali Province, Jumla Telephone No: 087-520375 or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp
4. Bidder shall have the option of submitting their bids electronically only. Submission of Hard copy bids shall not be entertained.
5. Pre-bid meeting will be held in Infrastructure Development office, Jumla
6. Electronic bids must be submitted to the Infrastructure Development office, Jumla electronically through PPMO website http://www.bolpatra.gov.np/egpon or before 12:00 hours on dated 2081/12/13.(26th Mar 2025) Bids received after this deadline will be rejected.
7. The bids will be opened electronically at 13:00 hours ondated 2081/12/13.(26th Mar 2025) in the presence of the bidders' representatives who choose to attend in Infrastructure Development Office, Jumla.
8. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations, 2064 (including amendment) and other prevailing rules and regulations of GoN.
9. Any amendments in this tender notice will be posted in the notice board of Infrastructure Development Office (IDO), Karnali Province, Jumla or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp.

**Act. Office Chief**

C
M
Y
K